प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३९ ॥ २०८० चैत्र ०१ गते बिहिबार (14th Mar 2024 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# प्रधानमन्त्री दाहालले पाए विश्वासको मत



झापा(प्रस)। सत्ता गठबन्धनमा आएको फेरबदलका कारण प्रधानमन्त्री पुष्पकमल दाहालले १५ महिनामा तेस्रोपटक प्रतिनिधिसभाबाट विश्वासको मत लिएका छन् ।

एमाले, माओवादी, रास्वपा, जसपा, एकीकृत समाजवादीको पाँच दलीय गठबन्धनको बलमा उनले विश्वासको मत प्राप्त गरेका हुन् ।
प्रतिनिधिसभाको बुधबार उपस्थित २६८ सांसद मध्ये १५७ जनाले दाहालको पक्षमा मत दिए ।११० जनाले विपक्षमा मत दिए । मत दिन्नँ भन्ने एक जना थिए । कांग्रेस, जनमत, लोसपा, राष्ट्रिय जनमोर्चा प्रधानमन्त्री दाहालको विपक्षमा उभिए । प्रधानमन्त्री दाहालले विश्वासको मत लिने क्रममा सम्बोधन गर्दै विश्वासको मत दिएपछि पूर्ण रुपमा विश्वास गर्न आग्रह गरेका थिए । २०७९ मंसिरको प्रतिनिधिसभा निर्वाचनपछि दाहाल नेतृत्वमा २०७९ पुस १० मा सरकार गठन भएको थियो । एमाले, रास्वपा, राप्रपा, जसपालगायत दलहरू संलग्न सरकारको नेतृत्व गर्दै दाहालले पहिलोपटक प्रतिनिधिसभाबाट २०७९ पुस २६ मा विश्वासको मत लिएका थिए ।

त्यतिबेला प्रतिपक्षको बेन्चमा बसेको कांग्रेसले समेत दाहाललाई विश्वासको मत दिएको थियो । विश्वासको मतको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधिसभा बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ सांसदले दाहालको पक्षमा मतदान गरेका थिए । उनको विपक्षमा राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवालले मात्रै विपक्षमा मत राखेका थिए ।
राष्ट्रपति निर्वाचनसँगै दाहालले २०७९ फागुन दोस्रो साता एमालेसँगको गठबन्धन तोडेर कांग्रेससँग सत्तायात्रा सुरु गरेका थिए । परिणामस्वरुप कांग्रेसबाट राष्ट्रपति उम्मेदवार बनेका रामचन्द्र पौडेलको शीतल निवास यात्रा सुरु भएको थियो ।

एमालेसँगको गठबन्धन तोडिएपछि दाहालले दोस्रोपटक २०७९ चैत ६ मा प्रतिनिधिसभाबाट विश्वासको मत लिएका थिए । दोस्रो पटक विश्वासको मत लिँदा दाहालको पक्षमा कांग्रेस, माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसदहरु प्रभु साह, अमरेशकुमार सिंहलगायत उभिएका थिए । दोस्रो पटक विश्वासको मत लिँदा प्रधानमन्त्री दाहालको पक्षमा सदनमा उपस्थित २६२ सांसदमध्ये १७२ सांसदले पक्षमा भोट हालेका थिए । दाहालको विपक्षमा ८९ सांसदले राखे भने नेमकिपा 'मत दिन्न' भन्ने पक्षमा उभिएको थियो ।

गत फागुन २१ गते कांग्रेससँगको गठबन्धन भत्केपछि प्रधानमन्त्रीले फेरि विश्वासको मत लिएका हुन् ।कांग्रेसले समर्थन फिर्ता लिएपछि संवैधानिक प्रावधान अनुसार दाहालले विश्वासको मत लिएका हुन् । संविधानको धारा १००(२) मा समर्थन गर्ने दलले समर्थन फिर्ता लिए ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान छ ।

# रहेनन् भद्रपुरका निर्माण व्यवसायी सिंह



भद्रपुर(प्रस)।भद्रपुर ७ निवासी निर्माण व्यवसायी उपेन्द्रप्रसाद सिंहको निधन भएको छ ।

उनको बुधवार विहान ४ बजे ७६ वर्षको उमेरमा हृदयघातका कारण निधन भएको हो । 'सिंह सर' को नामले परिचित उनी सरस्वती प्राथमिक विद्यालय हल्दिवारीका पूर्व प्रधानाध्यापक रहेका थिए । शिक्षा सेवावाट अवकास भएपछि उनी निर्माण व्यवसायमा सक्रिय रहेका थिए ।

उनका श्रीमती, २ छोरा र २ छोरी छन् । जेठा छोरा प्रकाशकुमार सिंह इन्जिनियर हुन् भने कान्छा छोरा दिपककुमार सिंह डाक्टर हुन् । सिंहको पार्थिव शरीरको बुधवार दिउँसो १ बजे स्थानीय देउनिया खोलाको विश्रान्ति घाटमा अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ ।

# अग्रिम भाडा माग्दै होस्टलमा छात्रामाथि दुर्व्यवहार



झापा(प्रस)।विराटनगर महानगरपालिका-८ स्थित मुनलाइट गर्ल्स होस्टलकी सञ्चालकले छात्रामाथि दुर्व्यवहार गरेकी छन्। होस्टलकी सञ्चालक मधु रेग्मीले अग्रिम रूपमा भाडा माग्दै छात्रालाई दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालमा पोस्ट भएको हो।
विराटनगर-८ का वडाध्यक्ष राम पोखरेलका अनुसार आफू काठमाडौं जानुपर्ने जनाउँदै रेग्मी अग्रिम रूपमा भाडा माग्न मंगलबार साँझ ६ बजेतिर होस्टल पुगेकी थिइन्।
'नयाँ होस्टल पनि खोल्नुभएको रहेछ, अनि भोलि नै काठमाडौं जानुपर्ने बताउँदै उहाँले रेन्ट माग्नुभएको रहेछ,' पोखरेलले भने, 'त्यसक्रममै विवाद भएको रहेछ।'
पोखरेलका अनुसार रेग्मीले महिना नमरेको भए पनि अहिले तीन-तीन हजार रुपैयाँ दिएर सहयोग गर्न भनेकी थिइन्। तर, ती छात्राहरूले पनि आफूहरूसँग अहिले नभएको भनेपछि विवाद सुरु भएको थियो। विवाद बढ्दै जाँदा रेग्मीले छात्राहरूका किताब-कापी फ्याँकेकी थिइन्।
सो होस्टलको उक्त रुममा तीन छात्रा बस्दै आएका थिए। उनीहरू विराटनगर स्थित नर्सिङ क्याम्पसको बिएनएस, बिएससी र नर्सिङ प्रथम वर्षमा अध्ययन गर्न आएका छात्रा हुन्। केही दिनयता मात्र उक्त होस्टलमा बस्न थालेका ती छात्राहरूले होस्टललाई दिनुपर्ने फागुन महिनाको सम्पूर्ण पैसा दिइसकिएको बताएका छन्।
भोलिसम्ममा त्यो होस्टेल छोड्ने योजनामा रहेको भए पनि होस्टलकी सञ्चालिकाले चैत्रको पनि ३-३ हजारका दरले 'एड्भान्स' दिनुपर्ने बताउँदै राति होस्टेल छोड्न धम्की दिएको छात्राहरूको आरोप छ।
होस्टल सञ्चालकले डर देखाउँदै गाली-गलौच तथा हातपात गरेको जनाउँदै ती छात्राहरूले सम्बन्धित निकायप्रति ध्यानाकर्षण गरेका छन्।
यता, मोरङ प्रहरीले भने हालसम्म उक्त घटनालाई लिएर जाहेरी नपरेका कारण कारबाही प्रक्रिया अगाडि बढाउन नसकेको जनाएको छ। मोरङ प्रहरीका इन्स्पेक्टर दुर्गा राईले आफूहरूले घटनाबारे जानकारी लिएको भए पनि अहिलेसम्म पीडित पक्षले उजुरी नदिएकोले कारबाही प्रक्रिया थालनी नगरेको सुनाए।

# मेचीनगरको वित्तीय प्रगति ३३ दशमलव ९२ प्रतिशत




मेचीनगर(प्रस)। झापाको मेचीनगर नगरपालिकाको दोस्रो नगरसभाको चौथो अधिवेशन बुधवारबाट शुरु भएको छ । नगरपालिकाको सभाहलमा मेचीनगर नगरपालिकाको दोस्रो नगरसभाको चौथो अधिवेशनका अध्यक्षता नगर प्रमुख गोपालचन्द्र बुढाथोकीले गरेका थिए । २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् जनप्रतिनिधि आएपछिको यो दोस्रो नगरसभाको चौथो अधिवेशन हो । नगरसभाको उद्घाटन अवसरमा नगर उपप्रमुख मीना पोखेल उप्रेतीले अधिवेशनमा विनियोजन ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक, २०८० तथा प्रगति प्रतिवेदन प्रस्तुत गरिन् ।
सशर्त अनुदान, विशेष अनुदान, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सशर्तको विभिन्न उपशीर्षकमा संघीय सरकारबाट हस्तान्तरित अनुदान समपुरक अनुदानस्वरुप प्राप्त भएको बजेट र वडागतरुपमा विनियोजन गरिएको बजेट उनले प्रस्तुत गरेकी थिइन् ।
२०८० साल असार १० गते यस मेचीनगर नगरपालिकाको दोस्रो नगरसभाको तेस्रो अधिवेशनबाट चालु आर्थिक वर्ष २०८०/०८१ का लागि कुल १ अर्ब ३५ करोड ८९ लाख ६० हजार ५ सय ५५ रुपैयाँको आय–व्ययसहितको बजेट, नीति तथा कार्यक्रम स्वीकृत भएको थियो ।

हालसम्मको वित्तीय प्रगति विनियोजनतर्फ चालु खर्च ८३ करोड ८७ लाख ६४ हजार ५२ रुपैयाँ , पूजीँगत खर्च ५१ करोड ७६ लाख ९६ हजार ५ सय २ रुपैयाँ तथा वित्तीय व्यवस्थातर्फ २५ लाख रुपैयाँ रहेको उपप्रमुख उप्रेतीले जानकारी दिइन् ।
यसैगरी, हालसम्मको वित्तीय व्यवस्थासहितको खर्चमा चालु खर्चतर्फ ३५ करोड ८५ लाख ६० हजार १ सय ६५ रुपैयाँ तथा पूँजीगत खर्चतर्फ १० करोड २४ लाख ७८ हजार ९ सय ११ रुपैयाँको आर्थिक प्रतिवेदन उपप्रमुख उप्रेतीले नगरसभामा प्रस्तुत गरेकी थिइन् । यसरी हेर्दा कुल वित्तीय प्रगति ३३ दशमलव ९२ प्रतिशत देखिन्छ ।
विनियोजनतर्फको कुल रकम १ अर्ब ३५ करोड ८९ लाख ६० हजार ५ सय ५५ रुपैयाँ र खर्च भएको रकम ४६ करोड १० लाख३९ हजार ७६ रुपैयाँ घटाउँदा मौज्दात (बाँकी) रकम ८९ करोड ७९ लाख २१ हजार ४ सय ७८ रुपैयाँ रहेको छ ।आन्तरिक राजस्वको हालसम्मको अनुमान र वास्तविक आय अनुमानित आयतर्फ : १२ करोड ८७ लाख रुपैयाँ र हालसम्मको वास्तविक आय ८ करोड ३९ लाख २८ हजार ४ सय ८२ रुपैयाँ अर्थात ६५ दशमलव २१ प्रतिशत रहेको छ ।

कार्यालयको क्षेत्र/ उपक्षेत्रअन्तर्गत आर्थिक विकास शाखातर्फ वार्षिक बजेट ७ करोड ५ लाख ६७ हजार ६ सय ६९ रुपैयाँमध्ये ७६

❖ बाँकी तेस्रो पृष्ठमा

# गौरादहमा हजुरआमाको हत्या,नातिसहित चार पक्राउ

झापा(प्रस)। झापाको गौरादहमा हजुरआमाको हत्या गर्ने नातिसहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ। गौरादह नगरपालिका-७ निवासी ८२ वर्षीया वृद्धा नरमाया विकको हत्या गरी शव गाडिएको अवस्थामा फेला परेको हो । वृद्धा नरमाया विकको हत्या आरोपमा नाति १७ वर्षीय धिरज विकसहित चार जनालाई आज दिउँसो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए। घटना फागुन २५ गते शिवरात्रिको मध्यरातको हो । लागूऔषध सेवन गरेका धिरजले वृद्धा हजुरआमा नरमायाको टाउकोमा रड प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरी उपरीक्षक केसीले बताए । हत्यापश्चात् उनको शव ग्वालीमा लगेर पुरेका थिए । पाँच दिनदेखि आमा हराइरहेको भन्दै उनका छोरा रमेश विकले आज बिहान प्रहरीमा उजुरी दिएका थिए ।
'प्रहरीमा उजुरी परेलगत्तै अनुसन्धान गर्दै जाँदा उनको हत्या भइसकेको र शव ग्वालीमा गाडिएको अवस्थामा फेला पऱ्यो,' प्रहरी उपरीक्षक केसीले भने ।
नाति धिरजले हत्या गरेको प्रहर ीसमक्ष स्वीकार गरिसकेको केसीले जानकारी दिए । धिरजले दिएको बयान अनुसार उनका साथीहरु टंक दर्नाल, राजु मल्लिक र बहादुर दर्जीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ । धिरजको संलग्नता पुष्टि भएपनि उनका साथीहरुको संलग्नताको विषयमा छानबिन भइरहेको प्रहरी उपरीक्षक केसीले बताए । शिवरात्रिका दिन लागूऔषध सेवन गरी धिरज पैसा माग्न हजुरआमालाई भेट्न घर पुगेका थिए । घरमा अरू कोही सदस्य नभएको बेला हजुरआमासँग पैसाको विषयमा विवाद भएको र धिरजले नशाको झोकमा हजुरआमाको हत्या गरेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# केन्द्रीय प्रसारण लाइनको पर्खाइमा मामांखे गाउँ

झापा(प्रस)। ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका ५ र ६ का गाउँ विद्युतविहीन भएको दुई वर्ष भएको छ। विद्युतगृह पहिरोले बगाएसँगै गाउँले अहिले अन्धकारमा बस्न बाध्य भएका हुन्। विद्युत् उत्पादन गर्ने ठाउँ नै नभएसँगै अहिले केन्द्रीय प्रसारण लाइनको पर्खाइमा बस्न बाध्य भएको सिरिजङ्गा -६ स्थित लक्ष्मी माध्यमिक



विद्यालयका शिक्षक मानप्रसाद भट्टराईले बताए। विद्यतगृह पहिरोले बगाएसँगै मामांखे गाउँ विद्युतविहीन भएको हो। उनका अनुसार घरपरिवारले सोलर प्यानल खरिद गरेर प्रयोग गरिएका छन् भने आर्थिक अवस्था कमजोर परिवार भने सोलारसमेत खरिद गर्ने अवस्था नभएकाले अँध्यारोमा बस्न बाध्य भएका छन्। केही घरपरिवारले भने मट्टितेल प्रयोग गरेर टुकीको प्रयोग गरेको शिक्षक भट्टराईले बताए। गत २०७९ साल असार २ गते रात अविरल वर्षासँगै गएको पहिरोले विद्युतगृह बगाएको सिरिजङ्गा -६ मामांखेका वडाध्यक्ष शुक्रराज माबोले बताए। उनका अनुसार खाकसेवा खोलाबाट ७५ किलोवाटको लघु जलविद्युत् आयोजनाले सिरिजङ्गा -५ पेदाङ र ६ मामांखे गाउँमा छ सय घरले उपभोग गर्दै आएको थियो। पहिरोले लघु जलविद्युतगृह बगाएसँगै अन्धकारमा बस्न बाध्य भएको खाकसेक्वा खोला लुघजलविद्युत् उपभोक्ता समितिका अध्यक्ष टीका माबोले बताए। सोही बखत पहिरोले गर्दा उक्त गाउँपालिकामा दुई जनाले ज्यान गुमाएका थिए भने ६३ घरपरिवार पूर्णरूपमा विस्थापित हुन पुगेका थिए।

पहिरोले विद्युतगृह बगाएसँगै अहिलेसम्म विद्युत् जडान नहुँदा अन्धकारमा बस्न बाध्य हुनुपरेको मामांखेका स्थानीय सिङ्गवीर लिम्बूले बताए। गाउँमा आपतविपत् पर्दा र मानिस बिरामी पर्दा बिजुली बत्तीको अभावले बढी समस्या हुने गरेको उनको भनाइ छ। मोबाइलको ब्याट्री चार्ज गर्न नपाउँदा आफ्ना आफन्तसँग सञ्चार सम्पर्क गर्न समस्या हुँदै आएको मामांखेका सुने लिम्बूले बताए। लामो समय बिजुली बत्ती नबनेपछि विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष असर परेको स्थानीयवासीको गुनासो छ। विवाहलगायतका सार्वजनिक कार्यमा बिजुली बत्ती नभएपछि जेनेटरको प्रयोग गरेर काम चलाउँदै आएको स्थानीय हर्क माबोले बताए। जेनेटर प्रयोग गरी बत्ती बाल्दा धेरै खर्चिलो हुने गरको स्थानीयको भनाइ छ।

विद्युतगृह राख्ने ठाउँ नै नरहने गरी पहिरोले बगाएर लगेकाले अब त्यस ठाउँमा पुनः विद्युतगृह निर्माण गर्न समस्या भएको खाकसेक्वा खोला लघुजलविद्युत् उपभोक्ता समितिका अध्यक्ष माबो बताउँछन्।

# चैतमा बैंक ब्याजदर अझ घट्दै




झापा(प्रस)। आगामी चैत महिनाका लागि अधिकांश बैंकले निक्षेपको ब्याजदर थप घटाउने भएका छन्। नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको अर्धवार्षिक मौद्रिक नीति समीक्षामार्फत लिएको नीतिका कारण बैंकको ब्याजदर थप घट्ने भएको हो।

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको अर्धवार्षिक मौद्रिक नीति समीक्षामार्फत संस्थागत निक्षेपकर्ताको निक्षेपको ब्याजदरभन्दा व्यक्तिगत निक्षेपकर्ताको निक्षेपको ब्याजदर एक प्रतिशतले मात्र कम हुनुपर्ने व्यवस्था चैत एक गतेबाट लागू हुनेछ। जसका कारण व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर थप एक प्रतिशतसम्म घट्ने भएको हो।

हाल संस्थागत निक्षेपकर्ता र व्यक्तिगत मुद्दती निक्षेपकर्ताबीच ब्याजदर अन्तर २ प्रतिशत छ। हाल बैंक तथा वित्तीय संथामा पर्याप्त मात्रामा तरलता रहेको छ। यसैगरी, वित्त क्षेत्रमा अहिले पनि कर्जाको माग बढ्न सकेको छैन। वाणिज्य बैंकले फागुन महिनामा निक्षेपमा अधिकतम ब्याजदर ८ दशमलव ५ प्रतिशत तोकेको थियो।

चैतमा निक्षेपको ब्याजदर यो बिन्दुबाट अझ तल झर्ने सम्भावना रहेको बैंकर संघका अध्यक्ष तथा एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुनिल केसीले बताए। उनले अहिले बैंकको पुँजी लागत लगभग ७ प्रतिशतको हाराहारीमा रहेको र बैंकले थप निक्षेपको ब्याजदर थप बढाउन नसक्ने अवस्था रहेको बताए।

बैंकर्स संघका अनुसार राष्ट्र बैंकले ब्याजदर घट्ने क्रमलाई स्थिर बनाउन संस्थागत र व्यक्तिगत ब्याजदर अन्तर १ प्रतिशत कायम गर्नुपर्ने नीति लिएको थियो। तर, अहिलेको परिस्थितिले ब्याजदर अझ घटाउनुपर्ने अवस्था सिर्जना गरेको राष्ट्र बैंक स्रोतले बताएको छ।

# नेपाललाई हराउँदै पीएनजी च्याम्पियन



झापा(प्रस)। हङकङमा जारी त्रिकोणात्मक अन्तर र्राष्ट्रिय टी-२० सिरिजको फाइनल खेलमा नेपाल पपुवा न्युगिनी (पीएनजी) सँग ८६ रनले पराजित भएको छ।

लिग चरणमा उत्कृष्ट प्रदर्शन गर्दै फाइनलमा स्थान बनाएको नेपालको उपाधि चुम्ने लक्ष्यमा पीएनजी बाधक बन्यो।लिग चरणमा नेपालसँग ८५ रनले पराजित भएको पीएनजी फाइनलमा नेपाललाई बदला लिँदै च्याम्पियन बनेको हो।

हङकङको मोङ कोकस्थित मिसन रोड क्रिकेट मैदानमा जितका लागि पीएनजीले दिएको एक सय ७२ रनको प्रतिस्पर्धात्मक लक्ष्य पछ्याएको नेपाल १६.३ ओभरमा सबै विकेटको क्षतिमा ८५ रनमा समेटियो।नेपालका सुरुवाती ब्याट्सम्यानले राम्रो प्रदर्शन गर्न सकेनन्।ओपनर कुशल भुर्तेल पाँच र विनोद भण्डारी चार रनमा आउट भएपछि नेपाल दबाबमा परेको थियो। त्यसपछि कप्तान रोहितकुमार पौडेलले १२ रन जोड्दै पेभेलियन फर्किए।गुशलन झा ६ रनमा आउट भए।

त्यसपछि सन्दीप जोराले १७ र आरिफ शेखले १५ रन जोड्नुबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्।

नेपाललाई सस्तैमा समेट्न बलिङमा पीएनजीका कवुअ मोरेअ, सेमो कमेरा, सेसे बाउ र चाँद सोपरले दुई-दुई विकेट लिए। यसअघि टस हारेर पहिले ब्याटिङ गर्ने निम्तो पाएको पीएनजीले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ७१ रन बनाएको थियो।पीएनजीका लागि ओपनर टोनी उराले ६१ रनको अर्धशतकीय इनिङ्स खेले।यस्तै हिला भारेले १८, हिरी हिरीले १५, किपलिन डोरिगाले १४ र चाँद सोपरले १३ तथा अलि नाओले अविजित ३० रन बनाए।

बलिङमा नेपालका कुशल भुर्तेल र आकाश चन्दले तीन-तीन विकेट लिए।करण केसी र गुलशन झाले एक-एक विकेट लिए।

# लायन्स बिर्तामोड लेडीद्वारा निःशुल्क स्वास्थ्य शिविर



झापा(प्रस)। लायन्स क्लब अफ बिर्तामोड लेडीको आयोजनामा निःशुल्क स्वास्थ्य शिविर बिर्तामोड ६ स्यालडाँगीमा सम्पन्न भएको छ। लायन्स क्लब अफ बिर्तामोड लेडीका अध्यक्ष निरु उप्रेती ओलीको जन्मदिनको अवसर पारेर आयोजित स्वास्थ्य शिविरमा २७२ जनाले निःशुल्क स्वास्थ्य जाँच गराएका थिए। सुगम शान्ति महिला विकास संस्थाको व्यवस्थापन तथा ठाकुर पोलिक्लिनिकको प्राविधिक सहयोग रहेको शिविरमा सुगर, प्रेसर, गाइनो, फिजिसियनलगायत गरी पाँचजना चिकित्सकले सेवा दिएका थिए।

बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले उद्घाटन गरेको कार्यक्रममा लायन्स क्लब ३२५ सी का क्याबिनेट सेक्रेटरी लिला चिमरिया, बिर्तामोड ६ का वडा अध्यक्ष सूर्यप्रसाद कन्दङ्वा, नेकपा एमालेका नगर कमिटी अध्यक्ष सुवास भट्टराई, लायन्स क्लबका डिस्ट्रिक्ट चिफ निरज ओलीलगायतको उपस्थिति रहेको थियो। चार दिनअघि मात्र लायन्स क्लव अफ बिर्तामोड लेडीले झापा कारागारका महिला कैदीबन्दीलाई एक सय थान लत्ताकपडा वितरण गरेको थियो।

# मारुती भ्यानसंग ठोक्किँदा मोटरसाइकलमा सवारको मृत्यु




झापा(प्रस)। कोशी राजमार्गको धरान-धनकुटा खण्डस्थित धनकुटाको साँगुरीगढी-६ गर्जुवामा मारुती भ्यान र मोटरसाइकल एकापसमा ठोक्किँदा एक जनाको ज्यान गएको छ। दुर्घटनामा दुई जना घाइते भएका छन्।

भेडेटारबाट मूलघाटतर्फ आउँदै गरेको को १ च ३२८० नम्बरको मारुती भ्यान र विपरीत दिशाबाट जाँदै गरेको को ३३ प ८३५७ नम्बरको मोटरसाइकल मंगलवार साँझ एकआपसमा जुध्दा दुर्घटना भएको प्रहरीले जनाएको छ। घटनामा साँगुरीगढी गाउँपालिका-६ का मोटरसाइकलमा पछाडि सवार २५ वर्षीय दिवस तामाङको मृत्यु भएको छ। उनको उपचारको क्रममा सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी राजबाबु महर्जनले जानकारी दिए।

घाइते हुनेमा मोटरसाइकल चालक साँगुरीगढी-६ का २२ वर्षीय अभिषेक लिम्बू र मारुती भ्यान चालक सोही ठाउँका ३० वर्षीय तुलबहादुर राई रहेका छन्। घाइते दुवै जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। घाइतेहरूको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ। दुर्घटना भएका दुवै सवारी साधन प्रहरी चौकी मूलघाटको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

# एन्फालाई कारबाही गर्न खेलकुद मन्त्रालयको आदेश



झापा(प्रस)। फुटबलमा अनावश्यक पदाधिकारी मलेसिया भ्रमणमा गएपछि युवा तथा खेलकुद मन्त्रालयले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई कारबाही गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई पत्राचार गरेको छ।

राष्ट्रिय खेलकुद ऐनविपरित एन्फाले १० पदाधिकारीलाई मलेसिया भ्रमणमा पठाएको भन्दै एन्फालाई कारबाही गर्न बुधबार मन्त्रालयले पत्राचार गरेको हो। पत्रमा मन्त्रालयमा प्रवक्ता एवं सहसचिव शिवप्रसाद रेग्मीले हस्ताक्षर गरेका छन्।

खेलकुद ऐनले गरेको व्यवस्थाअनुसार एन्फाले स्वीकृति नलिई १० पदाधिकारीलाई मलेसिया भ्रमणमा पठाएको थियो। नेपाल राष्ट्रिय फुटबल टोलीले शुक्रबार मलेसियासँग मैत्रीपूर्ण फुटबल खेल्दैछ। त्यसैका लागि एन्फाले अनावश्यक १० जना पदाधिकारीलाई भ्रमणमा लगेको हो।


## Shivasatakshi Municipality

**Office of The Municipal Executive**

**Byangdanda,Jhapa**

## Invitation for Sealed Quotation

Name of Project: Procurement of CC Camera and Accessories
Sealed Quotation No:04/SM/SQ/Goods/2080/081
Date of first Publication:2080/12/01(2024/03/14)

The Shivasatakshi Municipality invites sealed quotations from registered Suppliers for the supply,delivery of following items under National Competitive Bidding Procedure.

| Contract Identification No | Name of Procurement | Estimated Amount (WithoutVAT) | Bid Document Fee(NRs.) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 04/SM/SQ/Goods/2080/081 | Procurement of CC Camera and Accessories | 16,40,000.00 | 1,000.00 | 50,000.00 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Jhapa, Phone No: 023470323 or Email: dms.shivasatakshimun@gmail.com.

A complete set of Bidding Documents may be purchased from the Office of Shivasatakshi Municipaliity, by eligible bidders on the submission of written application along with the copy of company/firm registration certificate, VAT/PAN registration certificate, Tax clearance of FY 2079/080 and upon payment of a non- refundable fee as stated above in bullet no 1 or by deposition of same amount at Name of the Bank:Nepal Investment Mega Bank Nepal Ltd,Byangdada Branch
Name of the Office:Shivasatakshi Municipality,Jhapa,Nepal
OfficeAccount no.(Rajaswa Khata):29601400000017 till 2080/12/15(2024/03/28)during office hour.

Sealed bids must be submitted by hand to the Office of Shivasatakshi Municipality,Jhapa Nepal before on
12.00P.M.on2080/12/16(2024/03/29).Bids received after this deadline will be rejected.

The bids will be opened in the presence of Bidders'representatives who choose to attend at2.00P.M. on 2080/12/16 (2024/03/29)at the office of Shivastakshi Municipality, Jhapa. Bids must be valid for a period of 45 Days after bid opening and must be accompanied by a bid security amount as stated above inbullet no1,which must be valid for 30days beyond the bid validity period,counted from bid opening date.If bidder wishes to submit Cash Security,the cash should be deposited in the name of Shivasatakshi Municipality,Jhapa in Dharauti AccountNo:29601400000048atNepalInvestmentMegaBank Limited,Byangdanda Branch or bidbond authorized from a recognized"A"class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal.The receipt of deposited bid security amount must be submitted along with sealed quotation.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.Insuch case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.

All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**ChiefAdministrativeOfficer**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### गुन्द्री जोगाऔं

**गत स्थानीय निर्वाचनको समयमा मेचीनगर ४ का वडाध्यक्ष अर्जुन कार्कीले आफू वडाध्यक्षमा निर्वाचित भए कुर्सीमा नबस्ने घोषणा गरेका थिए । त्यही भएर गत वर्षको जेठ १२ मा शपथ लिएलगत्तै उनले गाउँमै बुनेका गुन्द्री आफ्नो कार्यकक्षमा ओछ्याए । सदस्यहरूलाई पनि गुन्द्री र पिरा ओछ्याइदिए । 'कुर्सीमा मच्चिएर बस्दा जनताप्रति जिम्मेवारीबोध नहोला कि भन्ने लागेर वडाध्यक्ष कार्कीले उपरखुट्टी लाएरभन्दा पलेँटी कसेरै जनसेवा गर्न थाले ।**

**वडाध्यक्षको कार्यकक्षका भित्तामा पनि सिर्जना देखिन्छ । भित्तामा चराको गुँड छ । सँगै गुलेली झुन्डिएको छ । पासो थाप्ने किलो पनि छ । स्थानीयता झल्किने दाम्लो, नाम्लो, दुना, टपरी र बाँसका हस्तकला पनि छन् ।**

**उपसभामुख इन्दिरा रानामगरदेखि पूर्वसचिव चन्द्रकुमार घिमिरेसम्मले उनको कार्यकक्ष हेरेर तारिफ गरेका छन् । गुन्द्रीमा बस्दा सुरुमा धेरैले खिसीट्युरी गरे । तर, अहिले धेरैले उनको फरक शैलीको प्रशंसा गर्न थालेका छन् ।**

**पछिल्लो समय गाउँघरमा परालबाट बनाइने गुन्द्रीको प्रचलन हराउँदै गएको हो । प्रविधिको विकाससँगै धानको परालबाट बनाइने गुन्द्री बुन्ने प्रचलनसमेत हराउँदै गएको हो। गाउँघरमा फाट्टफुट्ट मात्र गुन्द्री बुन्ने गरेको देखिन्छ।**

**पाकेको धान काटेर झाँटेपछि धान र पराललाई अलग बनाई गुन्द्री बुन्नका लागि अलि लामो र सग्लो पराल छुट्याएर बाँकी परालालाई दाइँ हाल्ने प्रचलन थियो। ताप्लेजुङको मैवाखोला गाउँपालिका– १ ढुंगेसाँघुकी चन्गुन्द्रीकला तामाङ पाहुना आउँदा नयाँ गुन्द्री ओच्छाएर स्वागत गर्ने गरेको सम्झन्छिन्।**

**'परालालाई सुकाइसकेपछि हिउँदको समयमा तानबाट गुन्द्रीबुनिन्थ्यो। हातले बुनेका गुन्द्री पहिला प्रशस्तै हुन्थे। हरेकले आ–आफ्ना घरमा गुन्द्री बुन्थे,' उनले भनिन्, 'आजकाल त त्यो चलन झन्डै झन्डै हराइसक्यो। सबैका घरमा प्लास्टिकका रेडिमेड म्याट नै प्रयोग हुन्छन्।'**

**परालबाट बनाइएको गुन्द्री बलियो र न्यानो त हुन्छ नै यो सहजै कुहिने भएकाले वातावरणलाई समेत हानिकारक हुँदैन। गुन्द्री वर्षभरि ओछ्याउन, बस्न, अन्नपात सुकाउन र आफन्तलाई उपहारसमेत दिइन्थ्यो।**

**विवाह गर्दा मण्डपमा बेहुला बेहुलीलाई राख्न पनि परालको नयाँ गुन्द्री नै राख्ने चलन रहेको स्थानीय ९० वर्षीया कृष्णमाया आचार्यले सुनाइन्। 'मेरी नातिनीको विवाह केही दिनमा आउँदै छ। तर, परालको गुन्द्री नै पाइँदैन,' उनले भनिन्।**

**गुन्द्री मात्र नभएर मकैको पात र खोस्टाबाट बनाइने चकटीसमेत गाउँघरबाट लोप हुने अवस्थामा छन्। वर्षायाममा पाक्न लागेको मकैको बोटबाट सुकेका पात टिपेर चकटी बनाइन्थ्यो। 'पोक्सर (खोस्टा)बाट पनि चकटी बनाउने चलन थियो,' कृष्णमायाले भनिन्, आजकाल त सबै बजारबाट किनेर ल्याइएका प्लास्टिकका वस्तुको नै प्रयोग भइरहेको छ।'**

**पुराना पुस्तासँग भएका सीपमा पछिल्लो पुस्ताले चासो नदिँदा यस्तो अवस्था आएको हो ।**


Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस्
www.pratidindaily.com

# स्थानीय तहमा व्यवस्थापकीय अभ्यास



• **डा. दामोदर रेग्मी**

नेपालको संविधान २०७२ को कार्यान्वयनपछि नेपाल एकात्मक राज्यप्रणालीबाट सङ्घीय लोकतान्त्रिक राज्यमा विधिवत् रूपान्तरण भयो । संवैधानिक व्यवस्था अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग यी तीनै तहले गर्छन् । नेपालको संविधानको भाग-५ मा स्थानीय तहबारे उल्लेख छ, जस अनुसार स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरिएको छ । ७७ वटा जिल्ला छन् । ७५३ वटा स्थानीय तह छन्, जसमा छ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका र ६,७४३ वडा छन् । यी संरचना नै निकटतम दुरीमा रहेर जनतालाई सेवासुविधा उपलब्ध गराउने भरपर्दो निकाय हुन् । यसै गरी संविधानको अनुसूची-८ ले स्थानीय तहको एकल अधिकार र अनुसूची-९ ले सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार तोकेको छ । यी अधिकार सूची नै स्थानीय आवश्यकता सम्बोधनका लागि मूल आधारशिला हुन् ।

स्थानीय तहमा कानुन निर्माणका लागि स्थानीय व्यवस्थापिकाको व्यवस्था संविधानले गरेको छ । यो व्यवस्थापिकामा गाउँ सभा र नगर सभा रहन्छन् । गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष, गाउँ कार्यपालिका उपाध्यक्ष, वडा अध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य, दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्य र प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ । यसै गरी नगर सभामा नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य, दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्य र नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुन्छ । यो स्थानीय व्यवस्थापिकाको संरचना हो । स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहन्छ । गाउँ सभा र नगर सभाले संविधानको अनुसूची-८ र अनुसूची-९ बमोजिमका अधिकार सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा गाउँ वा नगर सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समितिलगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था छ । यसको आधारमा स्थानीय तहमा उपरोक्त समितिहरूको अतिरिक्त आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन, वातावरण तथा विपत् व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति र पूर्वाधार विकास समिति गठन भएका छन् ।

स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया मागमा आधारित अर्थात् 'बटम अप' अवधारणामा आधारित छ । स्थानीय तहमा भएको यो प्रजातान्त्रिक प्रणालीको कार्यान्वयनको अनुगमनमा स्थानीय तहका यस्ता समितिको महत्वपूर्ण भूमिका रहने गर्छ । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले बजेट तर्जुमा गर्दा जनताको तहमा गएर व्यापक छलफल र जन सहभागिताबाट बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । यसका लागि सम्बन्धित वडाका सदस्यको संयोजनमा वडालाई क्लस्टरमा विभाजन गरी पठाउनु पर्ने, छलफलमा बालबालिका, महिला, आदिवासी, जनजाति, मधेशी, दलित, अपाङ्गता भएका, सीमान्तकृत, पिछडा वर्गलगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति हुने व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेका छन् । यसका अतिरिक्त नागरिक समाजका संस्था, महिला तथा आमा समूहहरू, बाल क्लबहरू, स्थानीय गैरसरकारी संस्था, सहकारी संस्था, निजी क्षेत्रका संस्था जस्ता स्थानीय सङ्घ संस्थाको सक्रिय सहभागिता गराउनु पर्नेलगायत व्यवस्था रहेका छन् । संविधानको अनुसूची-८ का स्थानीय तहको एकल अधिकारसम्बन्धी व्यवस्था अनुसूची-९ का साझा अधिकारसम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का व्यवस्थाले जनताका आधारभूत आवश्यकताको परिपूर्ति गर्ने उत्तरदायित्व स्थानीय तहलाई सुम्पेको छ । स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया तलबाट माथि अर्थात् 'बटम अप' अवधारणामा आधारित छ । स्थानीय तहको बजेट निर्माणको महत्वपूर्ण पक्ष भनेको जनताको बस्तीसम्म पुगेर बस्ती वा टोल स्तरबाट आयोजना तथा कार्यक्रमको छनोट गर्ने व्यवस्था रहनु हो । स्थानीय तहको बजेट तर्जुमाको सात वटा चरणमध्ये तेस्रो चरणमा यस्तो व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार प्रत्येक वडामा सम्बन्धित वडाका सदस्यको संयोजनमा वडालाई क्लस्टरमा विभाजन गरी प्रत्येक क्लस्टरमा एक एक जना वडाका सदस्य आयोजना तथा कार्यक्रमको छनोट गर्न जानु पर्छ । यस क्रममा आआफ्नो क्लस्टरमा नागरिक समाजका संस्था, महिला, आमा समूहहरू, बाल क्लब, स्थानीय गैरसरकारी संस्थाहरू, सहकारी संस्थाहरू, निजी क्षेत्रका संस्था जस्ता स्थानीय सङ्घ संस्थाको सक्रिय सहभागिता गराउनु पर्छ । साथै बालबालिका, महिला, आदिवासी, जनजाति, मधेशी, दलित, अपाङ्गता भएका, सीमान्तकृत, पिछडा वर्गलगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति हुने व्यवस्था मिलाउनु पर्छ । वडाको क्लस्टरमा अर्थात् बस्ती स्तरमा भएको छलफलबाट छनोट भएका आयोजना वा कार्यक्रमको सूची तयार गरी वडा समितिमा पेस गर्नु पर्छ । टोल बस्ती स्तरबाट प्राप्त आयोजना वा कार्यक्रमलाई विषय क्षेत्रसमेत छुट्याइ प्राथमिकीकरण गरी सम्बन्धित स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरी पठाउनु पर्छ ।

यसरी सिफारिस भएका आयोजना वा कार्यक्रम विषयगत योजना तर्जुमा कार्य समूह हुँदै एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्रोतको उपलब्धता, आयोजना वा कार्यक्रमले औचित्यको आधारमा अन्तिम रूप पाउने गर्छ । यी विषयको कार्यान्वयन अवस्थालाई प्रभावकारी बनाउन स्थानीय तहका समितिको महत्वपूर्ण भूमिका रहने गर्छ ।

स्थानीय तहको व्यवस्थापिकामा व्यवस्था भएका आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन, वातावरण तथा विपत् व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति र पूर्वाधार विकास समितिहरूले आआफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा कार्यपालिकालाई सुधारात्मक सुझाव दिन सक्छन् । यस्ता विषयमा आर्थिक पक्ष र विकासको अवस्था, सामाजिक क्षेत्रको अवस्था, वन, वातावरण तथा विपत् व्यवस्थापनसम्बन्धी अवस्था, सुशासनको अवस्था, संस्थागत क्षमताको अवस्था र पूर्वाधार विकासका अवस्था, कानुन निर्माण र कार्यान्वयनको अवस्था तथा तिनमा लिनुपर्ने नीतिहरूबारे कार्यपालिकालाई समयानुकूल सुझाव दिन सक्छन् । यस्तो कार्यक्षेत्रमा आर्थिक विकासतर्फ कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र पर्छन् । सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्धन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पर्छन् भने पूर्वाधार विकासतर्फ सडक तथा पुल, सिँचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत् र सञ्चार विषय पर्छन् । वातावरण तथा विपत् व्यवस्थापनतर्फ वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपत् व्यवस्थापन, वारुण यन्त्र सञ्चालन जस्ता विषय पर्छन् भने संस्थागत विकास तथा सेवाप्रवाहतर्फ सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्धन, अनुसन्धान तथा विकास र अन्यत्र वर्गीकरण नभएका विषय पर्छन् ।

यसै गरी क्षेत्रगत रूपमा वार्षिक बजेटले अनुमान गरेबमोजिमको स्रोत परिचालन तथा रकम सङ्कलन लक्ष्यबमोजिम चौमासिक प्रगति भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तिका विषयमा आवश्यक सल्लाह सुझाव दिने, वार्षिक बजेटमा उल्लिखित कार्यक्रम चौमासिक लक्ष्यबमोजिम सञ्चालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनुपर्ने रणनीतिका सम्बन्धमा सुझाव दिने, कार्यपालिकाबाट नगरपालिकाको राजस्व तथा स्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनुपर्ने भएमा सो सम्बन्धमा सुझाव दिने, कार्यपालिका कार्यालयमा भए गरेका कार्यमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव दिने, पेस्की, बेरुजुको अवस्था विश्लेषण गर्दै सोको फर्स्योटका लागि आवश्यक रणनीतिक सुझाव दिने, कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषयमध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेका वा नगर कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखा परीक्षण गरी कार्यपालिकालाई सुझाव दिने, पालिकाको आन्तरिक लेखा परीक्षकको चौमासिक प्रतिवेदनमाथि समीक्षा गर्ने, पालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव दिने, वित्तीय सुशासनका विषयमा कार्यपालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श दिने विषय समावेश भएका छन् ।

समावेशी चरित्रको गाउँ र नगरपालिकाको संरचना, स्थानीय व्यवस्थापिका र कार्यपालिकाको व्यवस्था र अन्य संरचनाका कारणले स्थानीय तह सङ्घीय शासन प्रणालीको मूल आधार स्तम्भको रूपमा रहेको छ । जनताको निकटतम दुरीमा रहेको कारणले स्थानीय समस्याको वास्तविक अनुभूति गर्न र ती समस्यालाई उपयुक्त तवरले सम्बोधन गर्ने उत्तरदायित्व बहन गर्न स्थानीय तह सक्षम पनि छ । यसका लागि स्थानीय आवाजको शीघ्र सम्बोधन गर्न व्यापक र अर्थपूर्ण सहभागितालाई जोड दिनु आवश्यक छ ।

नेपालको संविधानले स्थानीय लोकतन्त्र, सेवाप्रवाहमा सुलभता, आर्थिक र प्रशासनिक पारदर्शिता, समावेशी र सहभागितामूलक स्थानीय शासन प्रणालीको परिकल्पना गरेको छ । स्थानीय लोकतन्त्रको सफल अभ्यास र जनताको निकटतम दुरीमा रहेको स्थानीय सेवा प्रवाहको प्रभावकारिताले सुशासनको अधारस्तम्भ थप बलियो हुँदै जान सक्ने देखिन्छ । यसका लागि स्थानीय व्यवस्थापिका र यस अन्तर्गतका समितिको क्रियाशीलताले स्थानीय सुशासनद्वारा सङ्घीय शासन प्रणालीलाई सुशासनयुक्त बनाउन सहयोग पुग्ने देखिन्छ ।

# सार्वजनिक प्रशासनको छवि



• **मित्रमणि पोखरेल**

लोकतान्त्रिक शासन प्रणालीमा सरकारले प्रदान गर्ने सेवा नागरिकको घरदैलोसम्म नै पुग्नु पर्छ । सरकारले नागरिकलाई प्रदान गर्ने सेवा प्रवाह जति प्रभावकारी हुन्छ, त्यति नै नागरिकले सरकार आफ्नै वरिपरि छ भन्ने अनुभूत गर्छन् । यसका लागि सार्वजनिक प्रशासनको भूमिका महत्वपूर्ण हुन्छ । सेवाग्राही बसेको स्थानमा नै छिटोछरितो तथा सहज तरिकाले सेवा प्रवाह हुन सके मात्र सार्वजनिक प्रशासनको औचित्य पनि पुष्टि हुन्छ । यस कार्यका लागि ज्येष्ठ नागरिक, सुत्केरी महिला, पिछडिएका वर्ग, असहाय तथा अपाङ्गता भएकालाई सेवाप्रदायकले पहिलो प्राथमिकता राख्ने जस्ता काम गर्नु पर्छ ।

स्वच्छ र जनचाहना अनुसारको सेवा प्रवाह गर्न सक्ने क्षमता नै सक्षम, सबल र प्रभावकारी प्रशासनको पहिचान हो । सरकारी सेवा नाफारहित, सेवामूलक तथा कल्याणकारी हुने भएकाले मुलुकभित्र जहाँसुकै बस्ने सबै सेवाग्राहीलाई उपयुक्त समय र स्थानमा वस्तु तथा सेवा उपलब्ध गराउन सक्नु पर्छ ।

लोकतान्त्रिक तथा सङ्घीय शासन प्राणालीले गर्दा नागरिकलाई घरपायक स्थानमा सेवा प्रवाह गर्ने सुवर्ण अवसर हामीलाई मिलेको छ । वर्तमान शासकीय स्वरूपले समुदायका हरेक व्यक्तिको आवाज सुन्न सजिलो बनाएको छ । जनप्रतिनिधिहरू गाउँगाउँमा रहने र जनताको घरदैलोमा नै उनीहरूको पिरमर्का बुझेर माथिल्लो निकायमा त्यसको समाधानका लागि ध्यानाकर्षण गराउन सकिने अवस्था छ । यस्तो अवस्थामा पनि सरकारले सार्वजनिक सेवा प्रवाहमा स्वच्छता ल्याउन सकेन भने स्वर्णिम शासकीय शैलीको के अर्थ हुन्छ र ?

नागरिकको सार्वजनिक सेवामा सहज पहुँचको अवस्थालाई मूल्याङ्कन गरेर देशको समग्र पक्षको सबलता तथा दुर्बलताको आकलन गर्न सकिन्छ । एक्काइसौँ शताब्दीका सेवाग्राहीले आफूलाई चाहिने सेवा वा वस्तुको बजार खोजेर हिँड्ने होइन कि सेवाप्रदायक नै सेवाग्राहीले रोजेको वस्तु लिएर ऊ बसेको स्थानसम्म पुग्नु पर्छ ।

अबको सरकारले विगतमा गरेका कामकाजको पुनरवलोकन एवं सिंहावलोकन गर्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा ध्यान दिई राज्यको विकास निर्माणमा स्थानीय जनतालाई सक्रिय सहभागी गराउन सकिने गरी कार्ययोजना ल्याउनु पर्छ । सरकारी सेवालाई जनतासम्म पुऱ्याउन असल तथा सक्षम प्रशासनिक संयन्त्रसहित दक्ष मानव स्रोतको आवश्यकता पर्छ । सार्वजनिक प्रशासन अपरिवर्तनीय तथा उच्च साखसहितको स्थायी संयन्त्र हो । सार्वजनिक प्रशासनको सञ्जाल सङ्घदेखि प्रदेश, प्रदेशदेखि स्थानीय र स्थानीयदेखि नागरिकको घरदैलोसम्म फैलिएको हुन्छ ।

राज्यमा सुशासन कायम गर्न, मानव अधिकारको रक्षा गर्न, राज्यमा सञ्चालन गरिएका क्रियाकलापलाई पारदर्शी, जवाफदेही तथा उत्तरदायी बनाउन, भ्रष्टाचार तथा अनियमितता रोक्न, सरकारमा सहभागी राजनीतिक दलका नेताले जनतासामु गरेका वाचा कार्यान्वयन गर्न, सरकारले गरेका कामको अभिलेख अद्यावधिक राख्न, नीति तथा कानुन निर्माणमा सहयोग गर्न, दैनिक क्रियाकलाप सञ्चालन गर्न सार्वजनिक प्रशासनको महत्वपूर्ण भूमिका हुन्छ ।

प्रशासनको ढोका नखोली कसैले पनि राज्यका तर्फबाट वैधानिक सेवा पाउन सक्दैनन् । आमनागरिकको आस्थाको केन्द्र नै प्रशासन भएकोले यसले अधिकतम नागरिकको भलो हुने गरी काम गर्नु पर्छ । प्रशासनबिना राज्यका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले राज्य सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कामकाज गर्न सक्दैनन् । प्रशासनको भूमिका राज्यका प्रायः सबै निकायमा रहन्छ ।

वर्तमान परिदृश्यमा प्रशासन राजनीतिक चपेटामा पर्दै जाँदा अपजस जति थोपर्ने फोहोरको टोकरी बनेको हो भन्ने अनुभूत हुन्छ । काम सप्रियो र राम्रो भयो भने राजनीतिकर्मीले गरेको र बिग्रियो वा राम्रो भएन भने प्रशासनले गरेको पनि भन्ने यदाकदा सुनिन्छि । कर्मचारीले आफ्नो दक्षता देखाएर काम गर्न पाउनु पर्छ । अनि मात्र सार्वजनिक प्रशासन चुस्त, दुरुस्त र प्रभावकारी हुन्छ । जनप्रतिनिधिले पनि आफ्नो दलको विचार, दर्शन र नीतिबमोजिम काम गर्न पाउनु पर्छ । यसरी कर्मचारीले जनप्रतिनिधिसँगको सहकार्यबिना काम गर्न सक्दैनन् भने जनप्रतिनिधिले पनि कर्मचारीसँगको सहकार्यबिन जनसेवालाई प्रभावकारी बनाउन सक्दैनन् । प्रशासन राज्यको स्थायी सरकार भएकोले देशको प्रशासनलाई दक्ष तथा सक्षम बनाइराख्नु पर्छ किनभने प्रशासनले देशमा आपत्कालीन अवस्थामा पनि कुशलतापूर्वक काम गर्नु पर्छ ।

प्रशासनले राजनीतिसँग समन्वय र सहकार्य गरी सार्वजनिक नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्नु पर्छ । प्रशासन राज्यको स्थायी संयन्त्र भएकाले यसले आफूलाई समय अनुसार देशको हावापानी सुहाउँदो परिवर्तन र संशोधन गर्दै लग्नु पर्छ । प्रशासनले आफ्नो मूल्यमान्यता, मर्यादा, सिद्धान्त, दर्शनलाई बिर्सेर राज्य र समाजप्रतिको कर्तव्य एवं दायित्वबोध नगरी नागरिकहरूलाई जथाभावी दुःख दिँदा समग्रमा सरकारको गरिमामा आँच आउन सक्छ ।

सरकारले प्रवाह गरिरहेको सार्वजनिक सेवामा सेवाग्राहीको अविश्वास बढाउने, राजनीतिक दाउपेच खेल्ने, जनप्रतिनिधिबाट आफ्नो भोट भएको स्थानमा बढी सक्रियाता देखाउने, सेवामा गुणस्तरताको प्रश्न उठ्दा जनप्रतिनिधिले प्रशासनिक कर्मचारीलाई र प्रशासनिक कर्मचारीहरूले जनप्रतिनिधिलाई देखाउने गर्नु हुँदैन । यस्तै चिनेजानेको र भनसुनबाट आएका सेवाग्राहीको काम छिटो गरिदिने र अन्य सेवाग्राहीको काममा ढिलाइ गरिदिने वा सहज कामलाई पनि कागजपत्र मिलेन भनेर अलमल्याएर दुःख दिने काम गर्नु हुँदैन । यसले नागरिकमा सार्वजनिक प्रशासनको छवि उजिल्याउन मद्दत गर्दैन ।

आज प्रशासकहरू राजनीतिकर्मी जस्ता र राजनीतिकर्मीहरू प्रशासक जस्ता हुने होडबाजी पनि चलेको भन्ने सुनिन्छ । राजनीतिक नेतृत्व र प्रशासनबिच हुने द्वन्द्वले नागरिकले सरकारी सेवा भने जस्तो पाउन सक्दैनन् । राज्यको प्रशासन स्वच्छ, सहभागीमूलक, पारदर्शी, मितव्ययी, न्यायिक र जनमैत्री हुनु पर्छ । प्रशासनले लोकतान्त्रिक मूल्यमान्यता अनुरूप काम गर्नु पर्छ । काम गर्दा जनतालाई यताउती भुलाउने, भुलाउने भोलिभोलि भन्दै दिक्दार पार्ने, कानुनको नाममा अड्को थाप्ने, भनसुन, चाकडी र चाप्लुसी मन पराउने, चिनेजानेको भरमा काम गरिदिने जस्ता प्रवृत्ति प्रशासन सेवामा भित्रियो भने समग्रमा सरकारको विश्वास घट्दै जान्छ । कर्मचारीले भोलिको काम आजै र आजको काम अहिल्यै गरिदिनु पर्छ । अबको प्रशासन सेवाग्राही आउलान् र काम गरौँला भनेर बस्नुभन्दा सेवाग्राहीमाझ पुगेर उनीहरूलाई सेवा दिन सक्ने हुनु पर्छ । परम्परागत कार्यशैली त्यागेर प्रशासन आधुनिक, नागरिकमैत्री तथा सर्वसुलभ हुनु पर्छ ।

# सिम्रिक साकोसद्वारा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न

झापा(प्रस)। बिर्तामोड नगरपालिका वडा नं. ४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.ले एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर मोरङको मिक्लाजुङमा सम्पन्न गरेको छ ।

मिक्लाजुङ गाउँपालिका वडा नं. ८ को सह-आयोजना, नोबेल मेडिकल कलेज विराटनगरको प्राविधिक सहयोग तथा समाजसेवी सूर्यप्रसाद रिमालको सहकार्यमा मिक्लाजङ गाउँपालिकाको तोरीबारीस्थित देवकोटा माध्यमिक विद्यालयको परिसरमा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर संचालन गरिएको थियो । संस्थाले सामाजिक उत्तरदायित्व वहन गर्दै स्वास्थ्य उपचारमा सबैको समान पहुँच हुनुपर्ने कुरालाई विशेष प्राथमिकतामा राख्दै स्वास्थ्यसम्बन्धी कार्य गर्दै आएको र सोही अनुसार नै शिविर संचालन गरिएको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले जानकारी दिए ।शिविरमा जेनेरल मेडिसिन तथा मुटुरोग, प्रसूति तथा स्त्री रोग, बाल रोग, हाडजोर्नी तथा नसा रोग, छाला तथा यौन रोग, नाक कान



घाँटी, आँखा परीक्षण तथा उपचार, दन्त सेवा, भिडियो एक्स-रे सेवा, ई.सि.जि. सेवा, ल्याब (प्रयोगशाला) को सुविधा विशेषज्ञ डाक्टरहरुबाट प्रदान गरिएको साथै औषधी समेत निःशुल्क वितरण गरिएको संस्थाका अध्यक्ष सुवास भट्टराईले जानकारी दिए ।शिविरमा २८१ महिला र १६४ पुरुष गरी जम्मा ४४५ जना स्थानीयले प्रत्यक्ष रुपमा सुविधा लिएको र शिविरमा उपचार हुन नसकेका ५५ जना विरामीहरुलाई नोबेल मेडिकल कलेज विराटनगरमा विशेष छुट तथा सुविधाका साथमा उपचारका लागि रेफर गरिएको नोबेल मेडिकल कलेजका चिफ मार्केटिङ अफिसर नविन दाहालले जानकारी गराए ।

संस्थाका अध्यक्ष सुवास भट्टराईको अध्यक्षतामा संचालित शिविरमा मिक्लाजुङ गाउँपालिका वडा नं. ८ का वडाध्यक्ष पूर्णबहादुर कुँवरले प्रमुख अतिथिको आतिथ्यता गर्दै स्थानीय तहसँग समन्वय गर्दै सिम्रिक सहकारी र नोबेल मेडिकल कलेजले पुर्याएको सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै समुदायप्रेरित कार्यहरुका लागि स्थानीय सरकार सदैव साथमा रहेको प्रतिवद्धता जनाएका थिए । कार्यक्रममा संस्थाका सचिव इन्द्रबहादुर कार्कीले स्वागत मन्तब्य राखेका थिए भने संस्थाका विभागीय प्रमुख प्रेम बस्नेतले कार्यक्रम संचालन गरेका थिए ।

# भोजपुरबाट साइबर अपराध सचेतना अभियान

झापा(प्रस)। नेपाल प्रहरीले भोजपुरबाट साइबर अपराधसम्बन्धी सचेतना अभियानको शुभारम्भ गरेको छ। अभियानको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भीमप्रसाद ढकाल र कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङले शुभारम्भ गरे ।

केन्द्रीय प्रहरी प्रवक्ता ढकालले सामाजिक सञ्जाल सचेत भइ प्रयोग नगर्दा साइबर अपराधका घटना बढेको भन्दै प्रविधिको सही उपयोग गर्न आग्रह गर्ने उद्देश्यले भोजपुरदेखि अभियान शुभारम्भ गरिएको बताए ।

अभियानअन्तर्गत आगामी तीन महिनासम्म विद्यार्थी, नागरिक, शिक्षकलाई सामाजिक सञ्जालको दुरुपयोगबाट हुनेसक्ने साइबर अपराधबारे जानकारी र सचेतना गराइने छ । “गाउँगाउँमा सचेतना जगाउन भोजपुरबाट जिल्लाव्यापी अभियान सुरु भएको छ, क्रमिकरुपमा यो अभियान अन्य जिल्लामा पनि बिस्तार हुनेछ”, उनले भने ।

सामाजिक सञ्जालको सही प्रयोग हुनसके आपराधिक गतिविधि कम गर्नमा मद्दत मिल्ने उनको भनाइ थियो । भोजपुरका नौ वटै स्थानीय तहका ८२ स्थानमा १० हजार नागरिकलाई अभियानमार्फत यसबारे जानकारी गराइनेछ ।

अरुण गाउँपालिकाको केन्द्र प्याउलीमा रहेको शारदा माविबाट अभियान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमख प्रहरी नायव उपरीक्षक सुदीपराज पाठकले जानकारी दिए । उनले प्रविधिको विकाससँगै साइबर अपराध बढेकाले सचेतना अभियान सुरु गरिएको बताए ।

साइबर अपराध कम गर्नका लागि सबै सचेत रहन जरुरी रहेको कोशी प्रदेश प्रहरी प्रमुख खापुङले बताए । प्रहरीले सुरु गरेको अभियानले सामाजिक सञ्जाल दुरुपयोग कम गर्न पनि सहयोग प्राप्त हुनेमा उनले विश्वास व्यक्त गरे । जिल्लाको अरुण गाउँपालिकाबाट सुरु अभियान सम्बन्धित क्षेत्रका इलाका प्रहरी कार्यालय, प्रहरी चौकीलगायतमार्फत सञ्चालन हुनेछ ।

# वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई स्वागत



बिर्तामोड(प्रस)।वीरता लेडी जेसीजले बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई स्वागत गरेको छ । सचिवालयमा कार्यक्रम आयोजना गरी लेडी जेसीजले नवनिर्वाचित नेतृत्वलाई बधाई तथा शुभकामना दिएको हो । संस्थागत समन्वय, सहकार्य र सहजीकरणका लागि सहयोग पुग्ने अपेक्षासहित नवनिर्वाचित नेतृत्वको सम्मानमा स्वागत कार्यक्रम आयोजना गरिएको वीरता लेडी जेसीज वर्ष २०२४ की अध्यक्ष मेनुका ओलीले बताइन् । लेडी जेसीजले आयोजना गरेको स्वागत कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष राजु न्यौपानेले सामाजिक तथा व्यावसायिक संस्थाहरू बीच नियमित संवाद र छलफल हुनुपर्ने बताए । उनले स्वागत सम्मान कार्यक्रम आयोजना गरेर लेडी जेसीजले सराहनीय कार्य गरेको उल्लेख गरे ।

कार्यक्रममा संघकी नवनिर्वाचित जनसम्पर्क उपाध्यक्ष गोमा भट्टराई, वीरता लेडी जेसीज पूर्व अध्यक्ष क्लबकी अध्यक्ष कञ्चना सिटौला, निवर्तमान अध्यक्ष संगीता गिरीलगायतले बोलेका थिए ।

कार्यकारणी उपाध्यक्ष निशा शाक्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन महासचिव मुना ढुंगेलले गरेकी थिइन् ।

# विदेशको पीडा ‘परदेशीको बाकस’



झापा(प्रस)। गरिबीका कारण श्रीमती, साना लालाबाला र वृद्ध बाबुआमालाई छाडेर धन कमाउने सपना बोकी परदेश जानुपर्ने बाध्यताको कथा समेटिएको गीत ‘परदेशीको बाकस’ सार्वजनिक भएको छ ।

गीतमा म्यानपावरले दिएको दुःख, परदेश गएपछि केही कसुरबिना नै जेल जानुपर्ने अवस्था र मृत्युवरण जस्तो भयानक परिस्थितिलाई गीतमा चित्रण गरिएको छ। परदेश गएपछि लास भएर बाकसमा घर फर्कंदा एउटा परिवारको सपना कसरी तुहिन्छ भन्ने कुरा पनि गीतमा देखिन्छ । सुरेश शाही र शान्तिश्री परियारको स्वर रहेको गीतमा दुर्योधन बस्नेतको रचना एवं गायक सुरेशकै सङ्गीत एवं सङ्गीत संयोजन र कृष्ण पुनको मिक्सिङ रहेको छ। गीत दुर्योधन बस्नेतको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।

# रेडक्रसको विधान संशोधन गर्ने वैशाखमा महाधिवेशन

झापा(प्रस)।
नेपाल रेडक्रस सोसाइटीले विधान संशोधनका लागि आगामी वैशाखमा महाधिवेशन आयोजना गर्ने भएको छ ।

फागुन २७ देखि २९ सम्म बनेपामा सञ्चालित केन्द्रीय कार्यसमिति बैठकले मौजुदा विधानमा समसामयिक संशोधन गर्न महाधिवेशन आयोजना गर्ने निर्णय गरेको हो ।

बैठकले संस्थागत र सेवामूलक गतिविधिलाई प्रभावकारी बनाउनाका साथै रेडक्रसको रूपान्तरण गर्ने निर्णय गरेको अध्यक्ष प्रा.सुदर्शनप्रसाद नेपालले जानकारी दिए । रेडक्रसले सरकारसँगको समन्वयमा सेवामूलक तथा विकासका गतिविधिहरूमार्फत मानवीय कार्यमा आफूलाई केन्द्रित गर्दै आएको छ ।

लामो समयसम्म दर्ता नवीकरण हुन नसकेको रेडक्रसलाई नयाँ कार्यसमितिले नवीकरण गरी अद्यावधिक गरेको अध्यक्ष नेपालले जानकारी दिए ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तराष्ट्रिय महासंघ (आइएफआरसी) को आर्थिक एवं प्राविविधक सहयोगमा डोटी र कर्णाली भूकम्प प्रतिकार्यलगायतमा सेवामूलक गतिविधिहरू रेडक्रसले निरन्तर सञ्चालन गरिरहेको उनको भनाइ छ ।

## मेचीनगरको...

लाख ७५ करोड ७ सय १६ रुपैयाँ अर्थात १० दशमलव ८८ प्रतिशत खर्च भई ६ करोड २८ लाख ९१ हजार ९ सय ५३ रुपैयाँ मौज्दात रहेको छ ।

सबैभन्दा बढी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ कुल बजेटको ५० दशमलव शुन्य ५ प्रतिशत खर्च भएको छ । यस शीर्षकमा २७ करोड १३ लाख ४ हजार ५२ रुपैयाँ बजेट विनियोजन गरिएकोमा १३ करोड ५७ लाख ९२ हजार २ सय ६४ रुपैयाँ खर्च भएको छ ।

यसैगरी, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा यो अवधिमा कुल ११ लाख ४० हजार १ सय २० रुपैयाँ अर्थात ५ दशमलव ११ प्रतिशतमात्र खर्च भई २ करोड ११ लाख ५६ हजार ८ सय ८० रुपैयाँ मौज्दात रहेको यस नगरसभामा जानकारी दिइन् । चालु आर्थिक २०८०/०८१ का सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा कुल २ करोड २२ लाख ९७ हजार रुपैयाँ विनियोजन गरिएको थियो ।

ऊर्जातर्फ सम्पदा पूर्वाधार, विज्ञानतर्फ प्रविधिमा ७० लाख ५७ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा १५ लाख ३८ हजार ५ सय ९२ रुपैयाँ अर्थात २१ दशमलव ८ प्रतिशत मात्र खर्च भएको छ भने ५५ लाख १८ हजार ४ सय ८ रुपैयाँ नगद मौज्दात रहेको छ । सामाजिक विकासतर्फ चालु आर्थिक वर्षको आठ महिने अवधिमा २१ करोड ९९ लाख १३ हजार ७ सय ९३ रुपैयाँ खर्च भएको छ। कुल बजेट ५५ करोड २१ लाख ३४ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा अब खर्च भएको रकम घटाउँदा ३३ करोड २२ लाख २० हजार २ सय ६ रुपैयाँ मौज्दात (बाँकी) रहेको छ ।

साथै चालु आर्थिक वर्ष २०८०/०८१ का प्रमुख नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि निरन्तरता दिइने काम भईरहेको पनि नगरसभामा उपप्रमुख उप्रेतीले जानकारी गराइन् ।

‘नगरपालिकाको यसअघिको दोस्रो नगरसभाले नीतिगत निर्णयहरु गरी हामीलाई महत्वपूर्ण जिम्मेवारीहरु सुम्पेकोमा यस बीचमा नगरपालिका उल्लेख्य प्रगति हासिल गर्ने लक्ष्यतर्फ अघि बढिरहेको छ ’उनले भनिन् ।

विधेयकतर्फ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको नगरपालिकाको काम, कर्तव्य र अधिकारको प्रयोगका लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि र मापदण्डमध्ये केही तयार गरिसकिएको स्पष्ट पारिन् । यही चालु आ.व.मा संशोधन गर्नुपर्ने, थप गर्नुपर्ने र पुनः मूल्यांकन गर्न नगरसभाका सवै सदस्यहरुलाई सक्रिय सहभागिताका लागि अनुरोध गरिन् ।

प्रमुख प्रशासकीय अधिकृत तथा नगर सभाका सचिव अग्निप्रसाद अधिकारीले अधिवेशनका विषयमा सहभागी नगर सदस्यहरुलाई जानकारी गराएका थिए ।

आगामी चैत ७ गते पुनः बैठक बस्ने गरी बुधवारको सभा स्थगित गरिएको नगर प्रमुख तथा सभाका अध्यक्ष बुढाथोकीले जानकारी गराए । सभामा वडा नम्बर ७ का वडाध्यक्ष प्रल्हादमणि ओलीले आफ्नो धारणा राखेका थिए ।


प्रतिदिन PRATIDIN NATIONAL DAILY वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।